मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष २ | अंक २५२ | २०८१ साल श्रावण १६ गते बुधवार | Wednesday 31, July 2024 | सूर्योदयः बिहान ५:२९ बजे | सूर्यास्तः साँझ ६:५४ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

## संविधान र सरकारको जिम्मेवारी निर्वाह गर्नुहोस्ः सेनापति

**मधेशदृष्टि**
**काठमाडौं ।**
प्रधानसेनापति प्रभुराम शर्माले सैनिक मूल्यमान्यतालाई अक्षुण्ण राख्दै भरोसायोग्य र प्रभावकारी सङ्गठनका रूपमा स्थापित नेपाली सेनाले भावी नेतृत्वलाई सहयोग पु¥याउनुपर्ने बताएका छन् । तीनवर्षे कार्यकालको उत्तरार्धमा पृतनापतिहरूलाई 'भर्चुअल' माध्यममार्फत सम्बोधन गर्दै उनले सेनालाई संविधान र सरकारबाट प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेकामा सकलदर्जालाई समेत धन्यवाद ज्ञापन गरे ।
प्रधानसेनापति शर्माले भने, 'व्यक्तिकेन्द्रित आकस्मिक योजनाभन्दा बस्तुगत अन्तरक्रिया, तार्किक बहस र विस्तृत पुष्ट्याइँसहित सामूहिक योजनाले हाम्रा बझाइ र गराइमा प्राथमिकता पाउनुपर्छ ।'

## 'बाँकी आपराधिक पृष्ठभूमिका भएकाहरु कहिले मन्त्री बन्ने ?'



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतिनिधि सभा सदस्य डा. अमरेश कुमार सिंहले संविधानले समावेशी सिद्धान्तलाई अंगीकार गरेको भए पनि सरकारले त्यसलाई मासेको टिप्पणी गरेका छन् । प्रतिनिधि सभाको मंगलबारको बैठकमा बोल्दै सांसद सिंहले राजदूत नियुक्तिदेखि मन्त्री चयनसम्म समावेशी सिद्धान्त मासिएको बताए ।
उनले भने, 'मन्त्रिपरिषद्का मुख्य निर्णय, राष्ट्रिय योजना आयोगका उपाध्यक्षदेखि सदस्यहरू, १८ देशका राजदूत नियुक्ति, ३ प्रदेश प्रमुख फेरिएको, २२ जना सचिव फेरिए पनि त्यसमा मधेशी, दलित, मुस्लिम, सिमान्तकृत वा पिछडिएको समुदायबाट राजदूतमा सिफारिस नहुनुलाई दुर्भाग्यपूर्ण मानिन्छ, यसले समानुपातिक, समावेशी र नेपालको संविधानको धज्जी उडाएको छ ।' मधेशी दलको दाबी गर्ने पार्टीहरूले समर्थन गरेको सरकारबाट यस्ता नियुक्ति हुनु दुःखद् भएको उनले बताए ।
मन्त्रिपरिषद्मा दलित समुदायको प्रतिनिधित्व नभएमा पनि सांसद सिंहले प्रश्न उठाए । एमालेका छविलाल विश्वकर्मा, प्रभु हजारालगायत कांग्रेसका जीवन परियारलगायतलाई मन्त्री नबनाएको प्रति सांसद सिंहले प्रश्न उठाए ।
दलित, मुस्लिम, मधेशी समुदायबाट नेतृत्व गर्नेहरूलाई मन्त्रिपरिषद्मा समावेश नगर्दा प्रश्न उठ्ने उनको भनाइ थियो । समावेशी सिद्धान्तअनुसार सरकार नचल्दा संविधान कार्यान्वयनमा नै प्रभाव पर्ने सिंहको भनाइ थियो ।
समावेशी सिद्धान्त अपनाउन सरकारलाई प्रश्न नभई माइक काटिने भयले याचना गरिरहेको सुनाउँदै उनले भने, 'राज्यको समावेशी सिद्धान्तलाई दुई ठूला दल मिलेर नास गरे ।' सांसद सिंहले आपराधिक पृष्ठभूमिका प्रदेश सांसद दिपक मनाङे, रोज राणालाई प्रदेशमा मन्त्री बनाएकामा आपत्ति जनाए । साथै उनले अहिले गणतन्त्र स्वर्णकालबाट गुज्रिरहेको उल्लेख गर्दै बाँकी आपराधिक पृष्ठभूमिका व्यक्तिहरु पनि आगामी दिनमा मन्त्री बन्ने सक्रे भन्दै कटाक्षसमेत गरे ।



## 'सुविधाभोगी' जनप्रतिनिधिलाई सालिन्दा पौने ३ करोडको इन्धन

*बढ्दो शहरीकरण र जनसंख्याका कारण जनकपुर उपमहानगरपालिकामा फोहोरको मात्रा बढ्दै गएको छ । केही वर्षअघिसम्म उपमहानगरपालिका क्षेत्रमा दैनिक सात मेट्रिक टनसम्म फोहोर संकलन हुने गरेकामा पछिल्लो समय दैनिक १० मेट्रिक टनसम्म संकलन हुने गरेको छ ।*

वीरेन्द्र रमण
जनकपुरधाम ।
'गाउँगाउँमा सिंहदरबार' भन्ने नाराका साथ स्थानीय तहका जनप्रतिनिधि आए पनि उनीहरु जनताको आवश्यकता र औचित्यका आधारमा योजना सञ्चालन गर्नुको साटो आफ्नो सुविधा मात्रै थप्ने काममा सरिक भइरहेका खबर बेलाबखत आइरहन्छन् । स्थानीय तहको निर्वाचनताका अधिकांश उम्मेदवार जनकपुरको फोहोरको समस्यालाई प्रमुखताको साथ एजेण्डा बनाएर जनतामा गएका थिए । तर निर्वाचन जितेको तेस्रो वर्ष पुग्दा जनकपुरधामको फोहोरको समस्या उस्तै देखिएको छ । जनकपुरधाम उपमहानगरपालिकाका जनप्रतिनिधि थप सुविधाभोगी बन्दै सरकारी कोष दोहनमा मिलेमतोमै सक्रिय सहभागी देखिन्छन् ।
उनीहरुले एक वर्षमा २ करोड ८० लाख रुपैयाँ केबल इन्धनमा मात्रै खर्च गरेका छन् । महालेखाले हरेक वर्ष स्थानीय तहमा हुने गरेको इन्धनको दुरुपयोग रोक्न सचेत गराउँदासमेत स्थानीय तहले यसमा कुनै चासो देखाएको पाइँदैन । आर्थिक वर्ष २०८०–८१ मा उनीहरुले पदाधिकारीले १५ लाख र कार्यालय प्रयोजनाको लागि २ करोड ६५ लाख रुपैयाँ इन्धनमा खर्च गरेका छन् ।
कार्यालय प्रयोजनका लागि खर्चको इन्धनमध्ये सबैभन्दा बढी फोहोर व्यवस्थापनमा गरेको देखाइएको छ । तर जनकपुरधामको फोहोर व्यवस्थापनमा भने कुनै उल्लेख प्रगति हुनसकेको छैन । मधेश प्रदेशको राजधानी जनकपुरधाम घोषणा भएपछि जनकपुरमा धार्मिक, राजनीतिक र शैक्षिक गतिविधि बढेका छन् भने धार्मिक नगरीसमेत भएकाले पर्यटकको समेत आवागमन वृद्धि भएको छ । स्वच्छ र सफा जनकपुर बनाउने बाचाका साथ निर्वाचित भएका जनप्रतिनिधिको ध्यान भने सफाइमा गएको देखिँदैन । उनीहरुले फोहोर व्यवस्थापनलाई प्रमुख प्राथमिकतामा राखे पनि कार्यान्वयन भने भएको देखिँदैन । जनकपुरधाममा सदा झैँ फोहोरको समस्या प्रमुख चुनौती बनिरहेकै छ ।
डम्पिङ साइट अभावले सडकमा फालिएको जथाभावी फोहोरले जनकपुरधाम कुरुप बनिरहेको छ ।सर्वसाधारणको स्वास्थ्यमा समेत प्रतिकुलता थपेको छ । स्थानीय देवीचोकका राजीव कर्णले फोहोर सडकमै रहेकाले सडक छेउछाउ नै दुर्गन्धित बन्ने गरेको बताए । उनले जनकपुरधाम उपमहानगरपालिकाको ध्यान नगएको आरोप लगाए । उनले फोहोर व्यवस्थापनका लागि ट्र्याक्टरसमेत राखिएको तर महिनामा कहिलेकहीँ मात्रै आउने गरेको बताए । देवीचोककै अर्का स्थानीय राकेश साहले मठमन्दिर छेउछाउको अवस्था फोहोरले कुरुप भएको र अन्य ठाउँको अवस्था कस्तो होला भनेर सहजै अनुमान लगाउन सकिने बताए । उनले पनि सरोकारावला निकायको ध्यान नगएको बताए ।
जनकपुरधामका नगर प्रमुख मनोजकुमार साहले निर्वाचित भएपछि पहिलोपटक फोहोर व्यवस्थापन गर्ने जिम्मेवारी वडा कार्यालयलाई दिने निर्णय गरेका थिए । तर निर्णय कार्यान्वयन हुनसकेको छैन । जनकपुरधाम उपमहानगरपालिकाका वडा नम्बर ७ का वडाअध्यक्ष निरजकुमार साहले आफूहरुलाई पर्याप्तरुपमा जनशक्ति नदिइएका कारण काम गर्न समस्या भरहेको बताए । उनले पहिला जस्तो अवस्था थियो, त्यसैअनुसारले चलिरहेको र वडामा केही जिम्मेवारी नआएको बताए । उनले वडाले अग्रसरता लिएर काम गर्न नसकेको बताए ।
जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहले गुठीका कारण चाहेर पनि फोहोर व्यवथापन गर्न नसकिएको तर सेवाप्रवाहमा भने सुधार आएको बताए । 'केन्द्रीय गुठी संस्थानले फोहोर व्यवस्थापनका लागि जनकपुरधाम उपमहानगरपालिकालाई जग्गा उपलब्ध नगराउँदा यहाँको फोहोर व्यवस्थापनको समस्या समाधान हुन नसकेको हो,' उनले भने, 'फोहोर व्यवस्थापनका लागि जग्गा उपलब्ध गराइदिनेबारे संस्थालाई पत्राचार गरेको वर्ष दिनभन्दा बढी भयो तर, केन्द्रीय गुठी संस्थानले जग्गा उपलब्ध नगराउँदा फोहोर व्यवस्था हुन सकेको छैन ।' फोहोर व्यवस्थापनमा सुधार गरेको बताउदै उनले विगतको भन्दा अहिले फरक भएको बताए ।
बढ्दो शहरीकरण र जनसंख्याका कारण जनकपुर उपमहानगरपालिकामा फोहोरको मात्रा बढ्दै गएको छ । केही वर्षअघिसम्म उपमहा नगरपालिका क्षेत्रमा दैनिक सात मेट्रिक टनसम्म फोहोर संकलन हुने गरेकामा पछिल्लो समय दैनिक १० मेट्रिक टनसम्म संकलन हुने गरेको छ ।



**मनोजकुमार साह**
नगर प्रमुख
जनकपुरधाम उपमहानगरपालिका

*गुठीका कारण चाहेर पनि फोहोर व्यवथापन गर्न सकिएको छैन तर सेवाप्रवाहमा भने व्यापक सुधार आएको छ ।*



**निरजकुमार साह**
वडाअध्यक्ष
जनकपुरधाम–७

*पर्याप्त जनशक्ति नदिइएकाले अग्रसरता लिएर काम गर्न सकिएको छैन, वडामा जिम्मेवारी नै आएको छैन ।*

## डाक्रेश्वरीमा वडाअध्यक्षद्वारा पोखरीको रकम हिनामिना



**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको डाक्रेश्वरी नगरपालिका, वडा नम्बर–९ का वडाध्यक्ष कर्णदेव चौधरीले पालिकाको बजेट हिनामिना गरेको पाइएको छ । उनले सर्वजनिक पोखरी ठेक्कामा लगाएको रकम हिनामिना गरेको पाइएको हो । सार्वजनिक पोखरी ठेक्कामा लगाउँदा उठेको रकम चौधरीले हिनामिना गरेका हुन् ।
आर्थिक वर्ष २०७५–७६ मा अध्यक्ष चौधरीले ऐनविपरीत वडामा रहेका १८ सार्वजनिक पोखरी ठेक्कामा लगाएका थिए । ठेक्कामा लगाइएको पोखरीबाट उठेको १४ लाख ५० हजार रुपैयाँ राजस्व वडाध्यक्ष चौधरीले नगरपालिकाको खातामा जम्मा नगरेको पाइएको हो ।
उनले जम्मा ४ लाख ५० हजार रुपैयाँ मात्र खातामा जम्मा गरेर बाँकी रकम रकम हिनामिना गरेको पाइएको छ । रकम हिनामिना भएको खबरपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन शुरु गरेको छ । अख्तियारले पाँच वर्षपछि सार्वजानिक पोखरी ठेक्कामा संग्लनहरुसँग बयान लिन बोलाएपछि घटनाले चर्चा पाएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सुनसरी, इटहरीले नगरपालिकालाई साउन ३ गते ठेक्कामा संग्लन व्यक्तिहरुलाई साउन ९ गते बयानका लागि उपस्थित गराइदिन पत्राचार गरेको थियो । आयोगले डाक्रेश्वरी–९ को पोखरी ठेक्का बोलकबोल गर्ने राम नारायण मेहता, रामदेव साह, हरेराम साह, राम नारायण साह, रामसुन्दर यादव र नेपाली यादवलाई बयानका लागि बोलाएको हो ।
यता, सार्वजनिक पोखरी ठेक्काको राजस्व हिनामिनाबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको खबरपछि नियमविपरीत पोखरी ठेक्का लिनेहरुलाई राजस्व रकम फिर्ता गरेर अनुसन्धान प्रभावित पार्न खोजिएको पाइएको छ । ठेक्का बोलकबोल गरी राजस्वका लागि अध्यक्ष चौधरीलाई बुझाएको पैसा पुनः ठेक्केदारलाई नै फिर्ता दिइएको हो । पोखरीका ठेकेदार रामदेव साहले अध्यक्षलाई बुझाएको राजस्व वापतको पैसा फिर्ता लिएर वडा कार्यालयमा भपाईसमेत गरिदिएको बताए । बयानका लागि बोलाइएका ६ मध्ये ५ जनाले कानूनविपरीत राजस्वका लागि जम्मा गर्न दिएको पैसा फिर्ता लिएको वडाका कर्मचारीले बताए । बयानका लागि बोलाइएका ठेकेदारमध्ये एकको मृत्यु भइसकेको छ । उनको रकम वडा अध्यक्ष चौधरीसँगै छ ।
२०७६ भदौ ५ गते नै पोखरीको ठेक्कामा हिनामिना भएको उजुरी आयोगमा परेको थियो । आयोगले अनुसन्धानका लागि डाक्रेश्वरी नगपालिकासँग २०७६ सालमा पोखरी ठेक्कासम्बन्धी भएको निर्णय तथा ठेक्का प्रक्रियाको सबै कागजात माग गरेको प्रमुख प्रशासकीय अधिकृत कुन्दन कुमार कर्णले बताए । यता, वडाध्यक्ष चौधरीविरुद्ध रकम हिनामिनाका एक दर्जन बढी उजुरी अख्तियारमा परेको र अनुसन्धान भइरहेको बताइएको छ ।

## लोसपाद्वारा हंसपुरमा सुशासन र पारदर्शीताका लागि खबरदारी

**मधेशदृष्टि**
**धनुषाधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले हंसपुरले नगरपालिकाले आर्थिक अनियमितता गरेको र जनतालाई सुशासनको प्रत्याभूति दिलाउन नसकेको भन्दै नगरप्रमुखलाई ज्ञापन पत्र बुझाएको छ ।
पार्टीका तर्फबाट हंसपुरका पूर्वनगरप्रमुख रामज्ञान मण्डलले नगरप्रमुख प्रदीप यादवलाई ज्ञापनपत्र, ध्यानाकर्षण पत्र बुझाएका हुन् । पार्टीले बुझाएको ज्ञापनपत्रमा हंसपुर नगरपालिकामा नयाँ नेतृत्व आएको २ वर्ष ६ महिना बित्दा पनि जनताले सुशासन र सेवा अनुभूति गर्न नसकेको, पालिकाले अनेकानेक शीर्षकमा भ्रष्टाचार गरेको, अनियमितता गरेको भनेर बुँदागत हिसाबले विभिन्न शीर्षकसमेत उल्लेख गरिएको छ । पार्टीले बुझाएको ज्ञापनपत्रमा पालिकाले भवनसमेत बनाउन नसकेको र स्थानीय सरकारको काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता नभएको आरोप लगाइएको छ । यस्तै, नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ (४ ख) अनुसार, योजना तथा कार्यक्रम अनुगमन गरी प्रतिवेदन नबुझाइएको, आयव्ययको वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था रहेकामा यो अनुसार काम नभएको दाबी गरेको छ ।
पार्टीले स्थानीय तहले आर्थिक योजना बनाई लागू गर्नु पर्ने व्यवस्थामा हंसपुरले यस्तो नगरेको तथा आयोजना प्राथमिकीकरण आधारमा गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिताका काममा पनि पारदर्शीपन नदेखिएको बताएको छ । योजना छनौटमै खोट पाइएको, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पालना नभएको, जिन्सी मालसामानको लागत खडा नभएको, सार्वजनिक सेवाप्रवाह प्रभावकारी नबनाएको, सार्वजनिक परीक्षण र सार्वजनिक सुनवाई नभएको पार्टीले बुझाएको ज्ञापन पत्रमा उल्लेख छ ।
एकीकृत सम्पत्ति कर, घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहालबिरोधी शुल्क उठाउने व्यवस्थामा पनि नगरपालिकाले अपांग बनाएको लोसपाको आरोप छ ।
नगरपालिकाले नियमविपरीत करार र ज्यालादारी कर्मचारी नियुक्त गरेको आरोप लोसपाको छ । यस्तै, नगरका सर्वसाधारणले मलखाद, उन्नत जातका बिउबिजन, सिँचाइ सुविधा नपाइएकोबारे पार्टीले ध्यानाकर्षण गराएको छ । यस्तै, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा पनि नगरले प्रभावकारी कार्य नगरेको भन्दै लोसपाले ध्यानाकर्षण गराएको छ ।
लोसपाका हंसपुर अध्यक्ष लालबाबु यादवको हस्ताक्षर रहेको ज्ञापन पत्रमा हंसपुरले निर्माण गरेको १० शैयाका प्राथमिक अस्पताल बघचौडामा टेण्डर शुरुदेखि नै अनियमितता गरेको लोसपाको आरोप छ । अन्य थुप्रै योजना र ठेक्काहरुमा सार्वजनिक खरिद ऐनविपरीत कार्य भएको बताइएको छ । यस्तै, नगरपालिकाले ४३ लाख ६० हजार रुपैयाँ भन्दा बढीको इन्धन खरिद गरेर बदमासी गरेको लोसपाले छानबिन गर्न माग गरेको छ । अन्य विभिन्न शीर्षकमा पनि नगरपालिकाको नेतृत्वले बदमासी गरेको लोसपाको आरोप छ ।

*लक्ष्यसम्म पुग्न सकिँदैन भन्ने भयो भने आफ्नो लक्ष्यलाई बदल्ने होइन, लक्ष्यसम्म पुग्ने कदमलाई बदल ।*
–कन्फ्युसियस

## सम्पादकीय

# बलात्कार र हत्याले आक्रान्त मधेशी समाज

*समाजलाई अग्रगतिमा लैजाने पाटो हो चेतना । चेतनाले मानिसलाई सत्कर्ममा हिँड्न, अघि बढ्न, आवेगमा होइन वेगमा दौडिन र बाँकी जिन्दगीलाई सार्थक ढंगले समाजमा सरलीकृत भएर इमान र स्वाभिमानका साथ बाँच्न उत्प्रेरित गर्छ । तर समाज चेतनशील हुँदाहुँदै पनि केही यस्ता कलंकका घटनाहरुले समाजलाई अरु दुषित बनाइरहेको हुन्छ कि यस्तो कलंकको टीकाबाट कसरी उन्मुक्ति पाउने ? जस्तो हत्या, हिंसा, बलात्कार, आपराधिक क्रियाकलाप । यसले समाजमा एकाधको रिस र आवेग या उत्तेजना त पूरा होला । तर उनीहरुको मात्र होइन, उनीहरुको सिंगो परिवारको बाँकी जिन्दगी पनि कलंकमा बित्ने गर्छ । उनीहरुका कर्तुतका कारण परिवारजन पनि समाजमा अवहेलना र तिरस्कारको सिकार हुने गर्छन् भने सम्मानजनक जिन्दगीका लागि प्यासी बनेर समाजसँग सधैँ निहुरिन बाध्य हुनुपर्छ । रौतहट र सर्लाहीका दुई घटनाले साउनको महिना अझ शान्त मानिने महिनामै मानव समुदायमा कलंकको टीका थपेको छ । सर्लाहीमा घरमा काम गर्न बसेका युवाबाटै पूर्वराज्यमन्त्री मारिएका छन् । रौतहटमा दलित समुदायकी युवतीमाथि सामुहिक बलात्कार भएको छ । बलात्कार गर्नेहरु फरार छन् ।*

*हो, क्षणिक आवेग, उत्तेजना या असीमित चाहनाले हत्या, हिंसा, बलात्कारको घटना बढिरहेको छ । यसलाई समाजले नियन्त्रण गर्न चाहँदाचाहँदै पनि सकिरहेको छैन । कुन घरमा कुनबेला कसको बलात्कार वा हत्या हुन्छ भनेर सुराकसमेत नपाइने गरी समाज विकसित भइरहेको छ । इन्टरनेट दुनियाँले समाजका व्यक्तिहरु अझ एकअर्काबाट टाढिँदैछन् । यसैले कसको मनोदशा के हुन्छ र हुँदैछ भन्ने संकेतसम्म नपाउँदै समाजमा घटना भइरहेको हुन्छ । सर्लाहीमा पनि पूर्वराज्यमन्त्रीको घरमै बसेका कामदारले घटनालाई झण्डै ७२ घण्टा अन्जाम दिने प्रयास गरे । जग्गाको कुरा मिलाइदिन आएका ३ जनाले मारेको भनेर प्रहरीलाई झुलाउन सफल भए । यता रौतहटमा त दलितकी छोरीलाई बोलाएर लगेर सामुहिक बलात्कार मात्र भएन । स्थानीय टोले समाजसेवीका नामका दादाहरुले घटना दबाउन सक्दो प्रयास गरे । कतिसम्म भने पैसा दिएर घटना लुकाउने र बलात्कारजस्तो मानवसमुदायकै कलंक लुकाउने र घटनामा संलग्नहरुलाई जोगाउने प्रयत्न गरे । यसैकारण २० दिनसम्म घटना प्रहरीसम्म आइपुग्न सकेन । अन्ततः महिला जनप्रतिनिधिले नै पहल गरेर घटना बाहिर ल्याउँदै प्रहरीमा जाहेरी परेको छ । दुःखको कुरा, घटनाका अभियुक्तहरुयतिखेरसम्म फरार छन् ।*

*समाजलाई सत्कर्ममा लौजाने नाममा कलंक दबाएर पनि समाज अघि बढ्न सक्दैन । केही रुपैयाँ पैसाले पनि कसैको इज्जत किन्न सकिन्न । समाजका टोले दादाहरु पनि अस्थायी र केही समयका लागि हुन्, अन्ततः सत्यको जित हुन्छ भन्ने सन्देश समाजमा प्रवाह गर्न जरुरी देखिएको छ । जतिसक्दो चाँडो अभियुक्तहरु कारबाहीको दायरामा आउँदा बरु कारबाही छोटिन सक्छ नत्र समाजले ढिलोचाँडो तगारो राखेर यस्ता अपराधी अनुहारहरुलाई त समात्छ नै, उनीहरुलाई जोगाउन मदत गर्नेहरुलाई पनि समयले गतिलो जवाफ दिन्छ भन्ने सन्देश प्रवाह नहुने हो भने समाजमा अराजकता बढ्ने देखिन्छ । यसले मानव समुदायलाई नै कलंकित पारिरहेको हुन्छ ।*

# अन्तर्राष्ट्रिय मित्रताको स्थानीय सन्दर्भ

> *“फेसबुक र अन्य सामाजिक संजालमा मानिस एक अर्काको साथी बन्दछन् रम्यासेन्जर तथा अन्य विभिन्न साधनमार्फत एकले अर्कासित निकटता महसुस गर्दै आत्मीय तथा औपचारिक दुवै किसिमका भावनाहरु साटासाट गर्दछन् ।”*



सञ्जय साह मित्र

मित्रताको पनि विभिन्न तह हुन्छ। व्यक्तिगत तहमा मित्रता हुन्छ, पारिवारिक तहमा पनि मित्रता हुन्छ।जातीय मित्रता हुन्छ। सामाजिक मित्रता हुन्छ र अन्तर्राष्ट्रिय मित्रता हुन्छ। अन्तर्राष्ट्रिय मित्रताको सन्दर्भलाई एउटा राष्ट्र वा देशको हकमा लिन सकिन्छ भने अर्को चाहिँ व्यक्तिगत तहमा पनि लिन सकिन्छ। एक देशले अर्को देशसित मित्रता निर्वाह गर्दछ भने त्यो अन्तर्राष्ट्रिय मित्रता हुन पुग्दछ। आजभोलि दौत्य सम्बन्ध स्थापित गर्ने प्रवृत्ति रहेको छ। विभिन्न देशसित विभिन्न देशको दौत्य सम्बन्ध स्थापित भइरहेको हुन्छ। नेपालको पनि कैयौँ दर्जन देशसित दौत्य सम्बन्ध स्थापित भइसकेको छ। दौत्य सम्बन्धलाई पनि अन्तर्राष्ट्रिय मित्रताको अर्थमा स्वीकार गरिएको पाइन्छ। यद्यपि दूतमार्फत स्थापित गरिने सम्बन्ध पनि हो यो।

व्यक्तिगत मित्रता त धेरै किसिमको हुन्छ। पहिले व्यक्गित नाता गाँस्ने चलन पनि थियो। एक व्यक्तिले औपचारिक रुपमा कुनै व्यक्तिसित सम्बन्ध स्थापित गर्नको लागि औपचारिक कार्यक्रमको आयोजन हुन्थ्यो र त्यो धार्मिक हुन्थ्यो। त्यो विधि पूरा भएपछि दुई व्यक्ति चाहिँ सबैभन्दा नजिकको नाताको मानिन जान्थे। नजिकको नाताको भएपछि एकले अर्काको सबै दुःख र सुखमा आफ्नै जस्तो मानी साथ दिन्थे। कतिपय समाजमा यस किसिमको विशेष पर्व नै हुन्थ्यो जसलाई बिगरोजा भनिन्थ्यो। बिगरोजाको दिन जुनसुकै जात वा धर्मको मानिस पनि एकापसमा मित्रता गाँस्न चाहन्छन् भने त्यसको विधि र प्रक्रिया पूरा गरिन्थ्यो अनि आफ्नो जीवनको लागि मित्र बन्दथे। यसरी मित्रता निर्वाह गर्नको लागि पनि औपचारिकताको आवश्यकता पर्दथ्यो आरम्भ गर्न। आजभोलि यस किसिमको चलन पाइँदैन तर व्यक्तिगत मित्रता भने निकै उच्च तहमा वा गहिराइसम्म पुगेको पाइन्छ।

व्यक्गित मित्रताको सन्दर्भको करिब दुई दशकपहिले खूब प्रचलनमा रहेको पत्रमित्रताको सम्झना हुन्छ। पत्रमित्रताले एकचोटि खूब बजार पाएको थियो। हरेक दिन मानिसकहाँ पत्रहरु आइरहन्थे, पत्र पठाइरहन्थे। पत्रमित्रताले मानिसमा अनेक नयाँ सम्बन्धको जन्म पनि दिएको थियो।

पत्रमित्रताकै कारण विवाह भई आजीवन साथी बन्न पुगेका कैयौँ उदाहरणहरु समाजमा रहेकै छन्। आजभोलि पत्रमित्रताको सन्दर्भ निकै पुरानो भइसकेको जस्तो लाग्छ र चलनमा आइसकेको छ फेसबुक फ्रेन्ड। फेसबुक र अन्य सामाजिक संजालमा मानिस एक अर्काको साथी बन्दछन् रम्यासेन्जर तथा अन्य विभिन्न साधनमार्फत एकले अर्कासित निकटता महसुस गर्दै आत्मीय तथा औपचारिक दुवै किसिमका भावनाहरु साटासाट गर्दछन्। भनिरहनु पर्दैन, फेसबुक र अन्य सामाजिक संजालकै माध्यमले साथी बनेकाहरुको सम्बन्ध निकै उच्च वा गहिराइसम्म पुगेको छ र हजारौँ यस्ता उदाहरण छन् जो यिनै सामाजिक संजालले बनाएको मित्रतालाई जीवनभरको मित्रताको रुपमा स्वीकार गरेका छन्। यसले जाति, धर्म, समाज तथा देशको सीमालाई पनि नाघिसकेको छ। कतिपय यस्ता विश्व चर्चित विवाहका सन्दर्भहरु आउँछन् जो सामाजिक संजालमार्फत नै सम्बन्ध स्थापित भएको थियो।

दुई वा बढी परिवारसित आपसी सम्बन्ध पनि गहिरो वा उच्च हुने गरेको छ। कतिपय पारिवारिक सम्बन्ध यति निकट हुन्छ कि लाग्दैन दुई परिवार हो। आफन्त, नातागोता र यस किसिमको सम्बन्ध बाहेक, कतिपय सम्बन्ध निकै माथि हुन्छ। अर्कै जात वा धर्म वा समुदायको परिवारसित एक किसिमको सम्बन्ध स्थापित हुन पुग्छ जुन आर्जित हुन्छ। आर्जित सम्बन्धले पनि नातारुपी सम्बन्धलाई ईर्ष्या लाग्ने किसिमले काम गरेको हुन्छ। हरेक दुःख र सुखमा साँच्चिकै साथ दिइने यस्ता सम्बन्ध त कतिपय अवस्थामा अन्तरदेशीय पनि हुन्छ। मुख्य गरी सीमा क्षेत्रका बासिन्दामा यस किसिमको अन्तरदेशीय र आत्मिक तथा हार्दिक सम्बन्ध रहेको पाइन्छ। वास्तवमा सम्बन्धको विस्तार निर्वाहमा निर्भर हुन्छ। जति सकिन्छ, निर्वाह गर्नुपर्छ। सम्बन्ध यदि निर्वाह नहुनुको अर्थ हो एक्लै विचार गर्नु वा स्वार्थ मात्र हेर्नु। सम्बन्धमा स्वार्थ त हुनुपर्छ किनभने हरेक सम्बन्ध कुनै न कुनै स्वार्थकै कारण वा स्वार्थको आधारमा स्थापित भएका हुन्छन्। यद्यपि दुई परिवारको सम्बन्ध निस्वार्थ हुनुपर्छ वा दुवैले एक अर्काको स्वार्थलाई विचार गर्दै समस्वार्थ र समत्याग हुनुपर्छ। स्वार्थ र त्यागलाई तराजुमा जोख्न सकिँदैन। उचित पनि हुँदैन।

अन्यथा अर्थ नलागोस्, गाउँको पनि सम्बन्ध हुन्छ। अहिले देशभित्रैका वा देशबाहिरका विभिन्न नगर वा गाउँसित सम्बन्ध विस्तार गर्ने चलन विस्तार भइरहेको छ। यसलाई भगिनी सम्बन्ध भनिएको पाइन्छ। सम्बन्धको नाम चाहिँ फरक पर्न सक्ला तर यस किसिमको चलन चाहिँ पुरानै हो। अझ प्राचीन हो। अझै पनि केही दशक पहिलेसम्म यस किसिमको सम्बन्ध गाउँ गाउँबिच रहेको पाइन्थ्यो वा अहिले पनि छ कि फलाना र फलाना गाउँबिच कहिल्यै झगडा हुन सक्दैन। यदि फलानो गाउँको फलानो गाउँसित झगडा हुन्छ भने दुवै गाउँका सबै ठुला मानिसहरु एक ठाउँमा बसेर समाधान गर्दछन्। कुनै ठुलो विवाद हुन दिँदैन। समस्या बाहिर जान पाउँदैन। अन्य गाउँका मानिसले मिलाउने भूमिका निर्वाह गर्नुपर्दैन। तर ती दुई गाउँमध्ये अन्य कुनै गाउँको झगडा कुनै गाउँसित परेमा सबै किसिमको सहयोग आदानप्रदान हुन्छ। दुवै गाउँ दिदी बहिनी वा दाजु भाइजस्तो मिल्छन्। दुवै गाउँमा आपसी सम्बन्ध यस्तो छ कि जुन किसिमको सहयोग चाहिन्छ, सोही किसिमको सहयोग गर्न तयार रहन्छन्। यो चलन अहिले पूरै रोकिइसकेको छैन। अब गाउँ गाउँबिच झगडा निकै कम हुन्छ र यस किसिमको सम्बन्ध पनि कम हुन्छ तर यस किसिमको सम्बन्ध भने पूरै हराइसकेको छैन। कुनै समस्या परेमा अझै हाम्रो लागि फलानो गाउँ छ भन्ने मान्यता गाउँघरमा विद्यमान छ।

अन्तर्राष्ट्रियस्तरमा पनि दुई वा बढी देशसित दौत्य सम्बन्ध स्थापना गर्ने, दुई वा बढी देश मिलेर एउटा सन्धि गरी एकापसमा सबै किसिमको सहयोग गर्ने तथा एउटा देशमाथि बाहिरको कुनै देशले केही गरेमा सबै देश मिलेर प्रतिकार गर्ने, समूहमा परेका देशको एकापसमा सबै किसिमको सहयोग आदान प्रदान हुने जस्ता मित्रतापूर्ण व्यवहार अहिलेको विश्वमा चलिरहेको छ। यस किमिमको मित्रताको व्यवहार पनि धेरै पहिलेदेखि नै चलिआएको छ। प्राचीन र माध्यमिक कालीन नेपालमा रहेको राजा रजौटाबिच पनि यस किसिमको सम्बन्ध र सहयोग भइरहेको पाइएको छ। दुई राज्यबिच सामान्य वा राम्रो सम्बन्ध रहँदा नागरिकस्तरमा पनि राम्रो सम्बन्ध रहेको हुन्थ्यो भने दुई राज्यबिच मनोमालिन्य हुँदा नागरिकस्तरमा पनि सम्बन्ध चिसो नै रहेको पाइन्छ। अहिले अन्तर्राष्ट्रियस्तरमा विभिन्न देशहरुको विभिन्न किसिमको समूह राजनैतिक तथा अन्य स्तरमा निर्माण भएको पाइन्छ। अन्तर्राष्ट्रियस्तरमा मैत्री सम्बन्ध विस्तार हुँदा दुई देशका नागरिकमा पनि यस किसिमको मैत्री सम्बन्ध स्थापना हुने मौका हुन्छ। राम्रो सम्बन्ध रहेका दुई देशका नागरिक पनि एक देशबाट अर्को देशमा भ्रमणका लागि जान्छन्। साहित्य, संचार, पर्यटन र अन्य दृष्टिकोणले सम्बन्ध आदानप्रदान हुन्छ। उद्योग, व्यापारको क्षेत्रमा पनि सम्बन्ध स्थापित भएको पाइन्छ। यदि दुवै देशबिच सम्बन्धको विस्तार र सम्बन्धमा खुलापन हुँदै जाने हो भने सामरिक महत्वका अन्य सम्झौताहरु पनि भइरहन्छन्। सबैको दृष्टि र दृष्टिकोणमा सम्बन्धमा सुधार भएको देखिन्छ, पाइन्छ। दुवै देशले एकापसमा फाइदा लिइरहेका हुन्छन्। आखिरमा राष्ट्रिय स्वार्थ सर्वोपरि हुन्छ र हुनुपर्छ पनि।

साँच्चिकै अन्तर्राष्ट्रिय सम्बन्धको स्थानीय सन्दर्भ पनि हुन्छ। देश दुई भए पनि संस्कृति, भाषा, जाति आदि मिल्ने पनि हुन्छन्। मुख्य गरी सीमा क्षेत्रका बासिन्दाबिच यस प्रकारले संस्कृति, भाषा, जाति मिल्न पुगेमा अन्य विभिन्न सम्बन्ध पनि स्थापित हुन पुग्छन्। राजनैतिक विभाजनले दुई देशको सीमामा बाँडिएको भए पनि कतिपय अवस्थामा अन्य सम्बन्धमा विभाजनले खासै असर पुऱ्याएको देखिँदैन। यद्यपि दुई देशबिच राजनैतिक रुपमा केही तलमाथि पर्न जाँदा भने स्थानीय सन्दर्भमा पनि त्यसको असर परेको हुन्छ। पर्छ पनि। यदि सम्बन्ध निरन्तर सामान्य छ भने सामाजिक सन्बन्ध पनि विस्तार हुन थाल्छ। केही दशक भुटानी शरणार्थी नेपालमा रहँदा धेरै जनाको नेपालीसित वैवाहिक सम्बन्ध स्थापित हुन पुगेको थियो। नेपाल र भारत सीमा क्षेत्रमा मानिसहरुबिच अनेकस्तरमा सौहार्द्रपूर्ण सम्बन्ध स्थापित भएका छन्। भारत र बंगलादेशको सीमा क्षेत्रमा पनि जनस्तरमा सम्बन्ध स्थापित भएको सुनिन्छ। भुटान र भारतका नागरिकबिच पनि जनस्तरमा सम्बन्ध स्थापित छ। यो कुनै जरुरी छैन कि वैवाहिकै सम्बन्ध होओस्। सामाजिक स्तरमा तथा सामाजिक संजालमा र अन्य विभिन्न किसिमले उद्योग, व्यवसाय, पर्यटनको सम्बन्ध पनि स्थापित हुन पुग्छ। एकापसमा मानवीय सम्बन्ध पनि स्थापित हुन्छ। यद्यपि यस्ता किसिमका सबै सम्बन्धहरुमा देशको नीति र नियमलाई अमान्य हुने गरी केही पनि हुनुहुँदैन। देशको नीति र नियमविरुद्ध जाने कुनै किसिमको सम्बन्ध स्वीकार्य हुनुहुँदैन। देश सर्वोपरि हो, हुनु पर्छ पनि।

अन्तर्राष्ट्रिय

# जापानको बेरोजगारी दरमा सुधार



**सिन्ह्वा**
**टोकियो ।**
जापानको बेरोजगारी दर पछिल्लो महिनाको २.६ प्रतिशतबाट सामान्य सुधार भई जुन महिनामा २.५ प्रतिशतमा झरेको सरकारी तथ्याङ्कले जनाएको छ । एक वर्ष अघिको तुलनामा तीन लाख ७० हजारले वृद्धि भएर जुन महिनामा रोजगार व्यक्तिहरूको संख्या ६८.२२ मिलियन पुगेको जापानको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले बताएको छ ।

मानिसहरूले स्वेच्छाले जागिर छाडी नयाँ काम खोजेका कारण बेरोजगार व्यक्तिहरूको संख्या जून महिनामा ३.३ प्रतिशतले घटेर मौसमी बेरोजगारीमा समायोजित हुदाँ १.७६ मिलियनमा पुगेको हो । स्वास्थ्य, श्रम र कल्याण मन्त्रालयका अनुसार मे महिनामा १.२४ रहेको जापानको रोजगार–आवेदक अनुपात जूनमा घटेर १.२३ पुगेर लगातार तेस्रो महिनासम्म भएको यो गिरावटले प्रत्येक सय जना रोजगारी खोज्नेहरूको लागि १ सय २३ रोजगारी उपलब्ध भएको सङ्केत गरेको छ ।

प्रविधि

# मेटाले बन्द गरिदियो ६३ हजार इन्स्टाग्राम अकाउन्ट

**मधेशदृष्टि**
**वीरगंज ।**
अश्लीलता फैलाएको भन्दै मेटा कम्पनीले करिब ६३ हजार इन्स्टाग्राम अकाउन्टलाई आफ्नो प्लाटफर्मबाट हटाइदिएको छ । बुधबार सार्वजनिक गरेको जानकारी अनुसार उक्त घटना स्क्यामसँग सम्बन्धित थियो र अफ्रिकी देश नाइजेरियामा भएको थियो ।

त्यसपछि उक्त देशको सम्बन्धित निकायले मेटामाथि २२ करोड जरिवाना लगाएको थियो ।



डिलिट गरिएका अकाउन्टको सञ्जालमा २५ सय प्रोफाइलको पहिचान गरिएको छ, जसमा २० जना मानिसको एउटा समूह सामेल थियो । यसमा १३ सय वटा फेसबुक अकाउन्ट, २ सय वटा फेसबुक पेज तथा ५ हजार ७ सय वटा फेसबुक ग्रुपलाई पनि डिलिट गरिएको छ । तिनीहरू यस्ता गतिविधिको माध्यमबाट स्क्याममा सामेल भएका थिए । अश्लील गतिविधिहरुमा सामेल उक्त समूहले विपरीत लिंगका मानिसहरुलाई अश्लील तस्वीर पठाएर धम्क्याउने गर्दथ्यो र पैसाको माग पनि गर्दथ्यो । साथै पैसा नदिएमा तस्वीरहरु सार्वजनिक गर्ने भनेर ब्ल्याकमेल गर्ने गरेको पाइएको छ ।

मेटाका अनुसार उक्त समूहले धेरैजसो अमेरिकी पुरुषहरुलाई आफ्नो सिकार बनाएको थियो र आफ्नो पहिचान लुकाउने गर्दथ्यो । वयस्क पुरुषहरुलाई सिकार बनाउन नसकेपछि उक्त समूहले किशोर किशोरीहरुलाई निसाना बनाउन शुरु गऱ्यो । आफ्ना सोसल मिडिया प्लाटफर्ममा यस्ता खालका अपराधको रोकथामका लागि मेटाले गत अप्रिलमा एउटा एआईमा आधारित प्रविधिको परीक्षण गरेको थियो । एजेन्सी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# महोत्तरीमा ८०८ मुद्दा दर्ता

# स्रोत नखुलेको एक करोड बढी बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय महोत्तरीमा एक वर्षको अवधिमा आठ सय आठ वटा मुद्दा दर्ता भएका छन् । गत आर्थिक वर्ष २०८०–०८१ मा दर्ता भएका आठ सय आठ वटा मुद्दामध्ये चार सय ९४ मुद्दा फछ्र्यौट भएको जनाएको छ ।
जिल्ला प्रहरी कार्यालयका अनुसार उक्त मुद्दाहरुमा कर्तव्य ज्यान, जबरजस्तीकरणी, अपहरण जस्ता जघन्य प्रकृतिका एक सय २५ वटा मुद्दा दर्ता भएका हुन् ।
एक वर्षको अवधिमा चार सय ४४ जना विभिन्न मुद्दामा फरार रहेको प्रतिवादी र अभियुक्त पक्राउ परेको महोत्तरी प्रहरी कार्यालयले जनाएको छ । सो अवधिमा लागुऔषधसहित ७१ जना पक्राउ परेको छन् भने ५३ मुद्दा दर्ता भएका छन् । बरामद गरिएको लागुऔषधमा गाँजा, खैरो हिरोइन, नाइट्रोभेट ट्याबलेट, नाइट्रोजेपाम, प्रोमेथाजाईन एम्पुल, नुफिल, ब्रुप्रेनोर्फिनलगात रहेको विवरणमा उल्लेख गरिएको छ । त्यस्तै हातहतियारसहित ६ जना पक्राउ परेका छन् भने पाँच वटा मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ ।

**स्रोत नखुलेको एक करोड २२ लाख बरामद**

महोत्तरी प्रहरी कार्यालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार गत आर्थिक वर्षमा दश जनालाई स्रोत नखुलेको एक करोड २२ लाख ५० हजार रुपैयाँसहित पक्राउ गरेको छ । विभिन्न किसिमका भन्सार चोरी तस्करीका लत्ता कपडा, किराना सामानहरु, सवारी साधन, चौपायालगायत बरामद भएको ४३ जनालाई पक्राउ गरी आठ करोड ६४ लाख ८९ हजार रुपैयाँ बराबरको राजस्व बुझाएको जनाएको छ । गत आर्थिक वर्षमा लैंगिक हिंसासम्बन्धी एक हजार ८२ मुद्दा दर्ता भएकोमा आठ सय ६९ मुद्दा फछ्र्यौट भएको र दुई १३ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको जनाएको छ ।

**दुई हजार आठ सय मिटरब्याजसम्बन्धी उजुरी**

त्यसैगरी, महोत्तरीका विभिन्न पालिकाहरुबाट दुई हजार आठ सय नौ वटा मिटरब्याजसम्बन्धी निवेदन प्राप्त भएकोमा दुई सय ३५ वटा निवेदनहरुको मिलापत्र भएको र दुई हजार पाँच सय ७३ निवेदन बाँकी रहेको जनाएको महोत्तरी प्रहरीले सार्वजनिक गरेको विवरणमा उल्लेख गरिएको छ । उक्त विवरण अनुसार मिलापत्र भएका निवेदनहरुमा २८ विगहा, ३ कठ्ठा १२ धुर बराबरको जग्गा तथा १३ करोड ८७ लाख ७४ हजार रुपैयाँ बराबरको लेनदेनसम्बन्धी मिलापत्र गरिएको छ ।

**एक लाख चार हजार सवारी कारबाहीमा**

एक वर्षको सो अवधिमा एक लाख चार हजार ५५ सवारीसाधन ट्राफिक कारबाहीमा परेका छन् । उक्त सवारी कारबाहीबाट प्रहरीले तीन करोड ३७ लाख २९ हजार रुपैयाँ राजस्व संकलन गरेको जनाएको छ । आर्थिक वर्ष २०८०–०८१ मा जिल्ला प्रहरी कार्यालय महोत्तरीले आठ सय ११ वटा सामुदायिक प्रहरी कार्यक्रम, ६८ वटा सवारी दुर्घटना न्युनिकरणसम्बन्धी कार्यक्रम, १६ वटा अल्पसंख्यकसँग प्रहरी कार्यक्रम र चार पटक नागरिक सुनवाई कार्यक्रम गरेको जनाएको छ ।


# कानुन निर्माणसम्बन्धी कार्यशाला सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित मधेश विश्वविद्यालयमा कानुन निर्माणसम्बन्धी कार्यशाला सम्पन्न भएको छ । संघीय बहसमा युवा नामक संस्थाले मधेश विश्वविद्यालयसँगको समन्वयमा कानुन निर्माणसम्बन्धी कार्यशालाको आयोजना गरेको थियो । मधेश विश्वविद्यालयमा कानुन संकायमा अध्ययनरत विद्यार्थीहरुलाई संघीय बहसमा युवा संस्थाकी कार्यक्रम संयोजक एवम् प्रशिक्षक शौम्या रिसालले प्रशिक्षण दिएकी थिइन् । कानुनका परिभाषासँगै कानुन निर्माण गर्नुपर्ने कारण, आवश्यक्ता, महत्व र औचित्यका बारेमा उनले प्रकाश पारिन् ।
देशमा शान्ति सुरक्षा कायम राख्नदेखि लिएर आम नागरिकको जिउधनको रक्षा गर्न, सार्वजनिक सम्पतीको सही ढंगले परिचालन गर्न, वैदेशिक सम्बन्ध र विभिन्न मुद्दाहरुमा समझदारी गर्नलगायतका कार्यका लागि कानुन निर्माण अपरिहार्य रहेको रिसालले बताइन् । नागरिकलाई कर्तव्य र अधिकारप्रति उत्प्रेरित गर्नुका साथै नागरिकका हक अधिकारको संरक्षण गर्न, समाजमा अनुशासन र नैतिकता कायम गर्न पनि कानुन निर्माण गर्नुपर्ने आवश्यक्ता रहेको बताइन् । प्रतिनीधि सभा, राष्ट्रिय सभा, प्रदेश सभा, नगर/गाउँ सभा तथा अदालत लगायतका निकायले कानुन निर्माण गर्ने उनले जानकारी दिइन् । मस्यौदा लेखनदेखि विद्येयकमा छलफल, प्रस्ताव तथा पारितसम्मका विभिन्न चरणका बारेमा पनि उनले जानकारी गराइन् । विद्येयकका विभिन्न चरणसँगै प्रक्रियाका बारेमा सह कार्यक्रम संयोजक अंगिकृत कर्णले प्रशिक्षण दिएका थिए ।

# दश बोरा पाउडर दूध बरामद

**मधेशदृष्टि**
**बारा ।**
बाराबाट प्रहरीले भन्सार छली ल्याइएका दश बोरा पाउडर दूध बरामद गरेको छ । प्रहरी चौकी पथलैयाबाट खटिएको टोलीले जितपुरसिमराबाट भन्सार छलीका पाउडर दूध बरामद गरेको जनाएको छ । जितपुरसिमरा उपमहानगरपालिका वडा नम्वर १ पथलैया एरियाबाट राजश्व छलीका पाउडर दूध बरामद गरिएको बारा प्रहरीका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता प्रकाश सापकोटाले जानकारी दिए । गाईघाटबाट काठमाडौतर्फ जादै गरेको बा प्र १–००६ ख ६२६२ नम्बरको यालुवाहक बसबाट एक लाख ५० हजार मूल्य बराबरका पाउडर दूध बरामद भएको हो । बसलाई रोकेर चेकजाँच गर्ने क्रममा दश बोरा पाउडर दूधको बिलको स्रोत खुलाउन नसकेकाले नियन्त्रणमा लिएको प्रवक्ता सापकोटाले बताए । बरामद सामान आवश्यक कारबाहीका लागि आन्तरिक राजश्व अनुसन्धान कार्यालय पथलैयामा पठाइएको बारा प्रहरीले जनाएको छ ।

# एक हजार दुई सय घर खानेपानीबाट वञ्चित



**सिरहा ।**
सिरहाको कल्याणपुर नगरपालिका–१२ तिलासीमा बेल्हा खानेपानी तथा सरसफाइ आयोजनाको काम अलपत्र रहेको छ । पञ्चवर्षीय योजनासहित विसं २०७२ देखि सुरु भएको उक्त खानेपानी आयोजना नौ वर्ष बिल्दा पूरा नभएको हो । पाँच वर्षभित्र एक हजार दुई सय घरधुरीलाई स्वच्छ खानेपानी खुवाउने लक्ष्यसहित खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय लहानले छ करोड ५० लाख रुपैयाँमा आयोजना बनाउन सुरु गरेको थियो । कार्यालयले हालसम्म दुई करोड रुपैयाँमा दुई बोर्डिङ गाडेर ट्याङ्की बनाएर बाँकी काम अलपत्र छाडेको छ ।
समयमै पूर्णता दिन बेल्हा खानेपानी उपभोक्ता समितिका अध्यक्ष कुशेश्वर ठाकुरले भने पाँच वर्षभित्र योजना सम्पन्न गर्ने भने पनि नभएको स्थानीयको गुनासो छ । 'डिभिजन कार्यालयमा धाउँदा धाउँदा र हाकिमलाई भन्दाभन्दा थाकिसकेँ' उपभोक्ता समितिका अध्यक्ष ठाकुरले भने । साबिकको लहान खानेपानी तथा सरसफाइ डिभिजन पछिल्लो समय समायोजना भएर सप्तरीको राजविराज डिभिजन कार्यालयअन्तर्गत समावेश भइसकेको छ । आर्थिक वर्ष २०७९÷८० असार मसान्तमा डिभिजन कार्यालय राजविराजले १९ लाख रुपैयाँको बोर्डिङको पाइप किनेर कार्यालय अगाडि थुपारेर छाडेको छ । त्यो पाइप जडान गर्न त्यसपछि कहिल्यै डिभिजन कार्यालयका कर्मचारी नै पुगेनन् । आर्थिक वर्ष २०८०÷८१ म छुट्याएको १७ लाख रुपैयाँ डिभिजनले कामै नगरी 'फ्रिज' भएर गएको बताइएको छ ।
कल्याणपुर–१२ का वडाध्यक्ष दिलीपकुमार यादवले भने वडावासीलाई स्वच्छ खानेपानी खुवाउन निरन्तर योजनाबारे सोधीखोजी गरिरहेको बताए । 'डिभिजन कार्यालय छुट्याएको खुद्रे बजेटले पनि लापरबाही काम गर्छ', अध्यक्ष ठाकुर भने, 'यसरी यो आयोजनाले कहिले पूर्णता पाउँदैन ।' सरकार र स्थानीय जनप्रतिनिधिको बेवास्ताले खानेपानी आयोजना अलपत्र परेको स्थानीय बताउँछन् । सङ्घीय सरकारबाट प्रदेशमा हस्तान्तरण भएको आयोजना भएकाले उचित बजेट नदिँदा पूर्णता पाउन नसकेको खानेपानी तथा सरफाइ डिभिजन कार्यालय राजविराजका प्रमुख विश्वनाथ यादवले बताए । रासस

# पर्सामा एक पुरुषको शव फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको धोबिनी गाउँपालिकामा डुबेको अवस्थामा नहरमा एक जना पुरुषको शव फेला परेको छ । धोविनी गाउँपालिकाको वडा नम्वर ५ तुलसीवर्वा चोकस्थित सडक छेउको नहरमा स्थानिय ३५ वर्षीय कपिल देव रामको शव फेला परेको इलाका प्रहरी कार्यालय पोखरियाले जनाएको छ । स्थानीयले नहरमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । फेला परेको उक्त शव प्रहरीले मुचुल्का पछि पोष्टमार्टमका लागि वीरगंज स्थित नारायणी अस्पताल पठाएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं डिएसपी दिपक भारतीले बताए । मृतक रामले अत्याधिक मादक पदार्थ सेवन गरी सडक खण्डबाट नहरमा लडेर मृत्यु भएको हुन सक्ने प्रहरीको अनुमान छ । घटनाबारे आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# चार दिनमा चोरीका तीन मोटरसाइकल फेला




**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहट स्थित ईलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरले पछिल्लो चार दिनमा तीन थान चोरीको मोटरसाइकल र एक जना मोटरसाइकल चोरीमा संलग्नलाई पक्राउ गरेको छ ।
केही दिन अघिमात्र कार्यालय प्रमुखको जिम्मेवारी लिएका डिएसपी राजकुमार राईको निर्देशनमा बिशेष अभियान अन्तर्गत छुट्टाछुट्टै स्थानबाट चोरीका तीन थान मोटरसाइकलसहित एक जना पक्राउ परेका हुन् ।
चन्द्रपुर नगरपालिका ४ मुस्लिम टोलका २४ बर्षीय हसन सरिफको नाउँमा रहेको प्रदेश २–०२८ प ७८३४ नम्बरको बाजाज कम्पनीको २०० सिसिको एनएस मोटरसाईकल गत ११ गते राती उनको घरैबाट चोरी भएको थियो । चोरीको भोलिपल्ट सरिफले दिएको निवेदनको आधारमा डिएसपी राईको निर्देशन अनुसार मोटरसाइकलको इन्जिन नम्बर चेचिस नम्बर मिलान गरी मोटरसाइकल बरामद गरेको थियो ।
मोटरसाइकलसँगै माधव नारायण नगरपालिका १ दिपही गाउँका शिवचन्द्र प्रसाद जैसवाललाई प्रहरीले पक्राउ गरी कानूनी कारवाहीको दायरामा ल्याएको छ ।

> *चोरीको भोलिपल्ट सरिफले दिएको निवेदनको आधारमा डिएसपी राईको निर्देशन अनुसार मोटरसाइकलको इन्जिन नम्बर चेचिस नम्बर मिलान गरी मोटरसाइकल बरामद गरेको थियो ।*

त्यसअघि चन्द्रपुर नगरपालिका ९ सिन्धुरेघारीका बर्ष ४२ को ज्ञानेन्द्र चौलागाईको नाममा रहेको प्रदेश २–०३–०१७ प. ९७४८ नम्बरको यामाहा कम्पनीको एफजेडएस १५० सि.सि. को मोटरसाइकल र सोही ठाउँका बर्ष ४० को सुबर्ण चौलागाईको नाममा रहेको प्रदेश २–०३–०१९ प. ५३२५ नम्बरको एभेन्जर २२० सि.सि.को मोटरसाइकल घर अगाडि आँगनमा एकै ठाउँमा पार्किङ गरी राखेको अवस्थामा गत असार ३० गते बिहान चोरी भएको थियो । पीडितको उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरले खोजतलास गर्दै गुजरा नगरपालिका २ कटानी नहर छेउको जंगलमा लुकाईछिपाई राखेको अवस्थामा फेला पारी सम्बन्धित मोटरसाइकल धनीलाई बुझाइएको थियो । डिएसपी राजकुमार राईले आफ्नो कार्यक्षेत्रभित्र यौन व्यापार, लागुऔषध कारोबारसँगै आपराधिक क्रियाकलाप पूर्ण रुपमा नियन्त्रण गर्ने प्रतिबद्धता जनाउँदै आएका छन् ।


## प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सुनुबाहीको सूचना

**मधेश प्रदेशको सिरहा जिल्ला अन्तर्गत गोलबजार नगरपालिका स्थित गागन खोलाबाट नदीजनय पदार्थ उत्खनन् सम्बन्धी प्रस्तावको प्रारम्भिक वातावरण अध्ययन प्रतिवेदनको तयारी सम्बन्धी**

**सार्वजनिक सुनुबाही कार्यक्रमकबारे**

प्रकाशित मिति : २०८१।४।१६ गते

मधेश प्रदेश अन्तर्गत सिरहा जिल्लाको गोलबजार नगरपालिकाको वडा नं. १ र २ स्थित गागन खोलाबाट नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी प्रस्तावको निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न सार्वजनिक सुनुबाही कार्यक्रममा उपस्थितिको लागि सरोकारावालाहरुलाई अनुरोध गरिन्छ।

| | |
|---|---|
| प्रस्तावककको नाम र ठेगाना | गोल बजार नगरपालिका वडा नं. १ र २ सिरहा, मधेश प्रदेश, नेपाल |
| सार्वजनिक सुनुबाही कार्यक्रमको तालिका | स्थानः- नगरपालिका/वडा कार्यालयको सभाहल मिति : २०८१/०४/२३ गते समयः बिहान ८ बजे |
| प्रस्तावको व्यहोरा | मधेश प्रदेशको सिरहा जिल्ला अन्तर्गत गोलबजार नगरपालिका स्थित गागन खोलाबाट नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी कार्य। |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा./गा.पा. | मधेश प्रदेशको सिरहा जिल्लाको गोलबजार नगरपालिका वडा नं. १ र २ का वरिपरिका क्षेत्रहरु |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक-भौतिक प्रणाली, जैविक प्रणाली, आर्थिक-सामाजिक-साँस्कृतिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सारोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

**प्रस्तावक**
वातावरण शाखा
गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिरहा मधेश प्रदेश, नेपाल
☎ ०३३-५४०५००
ईमेल- info@golbazarmun.gov.np

**वातावरण महाशाखा**
वन तथा वातावरण मन्त्रालय
जनकपुरधाम, मधेश प्रदेश, नेपाल
ईमेल- moitfep2@gmail.com

**परामर्शदाता**
**चित्राँस मल्टि स्पोर्ट कन्सल्टेन्सी प्रा. लि.**
ललितपुर म.न.पा.-३, पुलचौक,
ललितपुर, नेपाल
☎ +९७७ ९८४९०८७२०२
ईमेल- chitranshmulticonsult@gmail.com

# ओली र देउवाकै नाममा भएपनि दलित परिवारको घर निर्माण गर्न प्रभु साहको माग



**मधेशदृष्टि**
**रौतहट ।**
आम जनता पार्टी (आजपा) अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले गरिब, दलित परिवारसँग जनता आवास निर्माण कार्यमा विभेद गरेको बताएका छन् । जनता आवास कार्यक्रम अन्तरगत दलित समुदायको घर निर्माण गर्ने बताए पनि उनीहरुलाई घर निर्माण नगरी दुःख दिईरहेको उनले बताए । मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्दै आजपा अध्यक्ष साहले दलित समुदायका व्यक्तिको घर निर्माण कार्यलाई पुरा गर्नुपर्ने माग सरकारसँग गरे । साथै अहिलेसम्म के कति काम भएको छ ? प्रगति कति भयो ? किन घर निर्माण कार्य सम्पन्न हुन सकेन त्यसको बारेमा सदनलाई जानकारी गराउँनुपर्ने बताए । 'आज मधेश प्रदेशको हालत हेर्नुहुन्छ भने योजना पिच्छे आयोजना छ ।

केही महिना अघि त्यहाँ महेन्द्र नारायण निधि आवास आयोजना सुरु भयो । पाँच हजार घर निर्माणको काम सुरु भईसकेको छ । अहिलेसम्म निर्माण भएको घरको संख्या ६९० हो तर बाँकी घरको निर्माण कार्य व्यवारिसे छोडियो' साहले भने, 'अहिलेको सरकारले मदन भण्डारी विपन्न आवास आयोजना कार्यक्रम ल्यायो । बन्न नकसेको घर बनाउँनुपर्छ भन्ने जवाफदेहिता छैन् । त्यसको लागि ९ करोड छुटयाएको छ । यसरी सरकार पिच्छे दलित परिवारसंग मजाक गर्दै जाने हो । उनीहरुको घर निर्माण गर्नुपर्दैन् ?'

उनले अगाडी थपे, 'अहिले केपीजीकै (प्रधानमन्त्री केपी शर्मा ओली) नाममा, देउवा जीकै (कांग्रेस सभापति शेरबहादुर देउवा) नाममा कार्यक्रम राख्नुस, तर ति गरिब, दलित परिवारका व्यक्तिको घर निर्माण हुनुपर्छ । बस हामीले जानेको यति हो । उनीहरुलाई दुःख दिने काम कोही कसैले नगरोस् ।'

सरकार परिवर्तन हुँदा, मन्त्री परिवर्तन हुँदा उनीहरुको कुर्सी, सोफा, कार्पेट सबै परिवर्तन गरिन्छ । तर ती गरिबको घर निर्माण गर्ने भनेर अधुरै छोडनु कुन नैतिकताले दिन्छ भन्दै साहले प्रश्न गरे । अहिले बर्षाको समयमा दलित परिवारको नरकीय जिवन जिउन बाध्य भएको बताउँदै उनले केन्द्र सरकारले सञ्चालन गरेको तर पछि प्रदेश सरकारको जिम्मा दिएपछि त्यसको प्रगति किन हुन सकेन् भन्ने बारेमा सदनलाई जानकारी गराउँनुपर्ने माग गरे । मधेश प्रदेशमा मात्रै १० हजार क्रमागत आयोजना प्रदेश सरकारलाई केन्द्र सरकारले सम्झौता गरेर हस्तानान्तरण गर्यो तर ती आयोजना किन पुरा भएन भन्ने बारेमा उनले सरकारसँग जवाफ माग गरेका छन् । घर निर्माणको काम कसैको २५ प्रतिशत, कसैको ४० प्रतिशत, कसैको ८० प्रतिशत भएको छ तर निर्माण कार्य पुरा भएको छ । निर्माणकर्ता ऋणमा डुबेका छन् । उनीहरुको घर निर्माण कार्यसम्पन्न हुनुपर्ने बताउँदै अध्यक्ष साहले यथासिघ्र सरकारले यसबारेमा गम्भिर भएर लाग्नुपर्ने बताए ।

# स्वास्थ्य चौकीको स्तरवृद्धिको माग गर्दै स्वास्थ्य मन्त्रीलाई ज्ञापन पत्र




**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले स्वास्थ्य चौकीको स्तरवृद्धि तथा जनशक्ति र उपकरणको व्यवस्था गरिदिन माग गर्दै नेपाल सरकारका स्वास्थ्य मन्त्री प्रदीप पौडेललाई ज्ञापनपत्र बुझाएका छन् ।

'बारा जिल्लाको परवानीपुर गाउँपालिकास्थित रामपुर स्वास्थ्य चौकीमा कम्तीमा २५ वटा गाउँ र एक लाखभन्दा बढी जनसंख्या निर्भर छ । तर, स्वास्थ्य चौकीमा आवश्यक जनशक्ति, औषधि, उपकरण, र स्वास्थ्य सेवा सुविधाको अभाव रहेकोले स्थानीय जनताले उचित सेवा प्राप्त गर्न नसकेको र महँगो शुल्क तिरेर निजी स्वास्थ्य संस्थामा जान बाध्य भएको' ज्ञापनपत्रमा उल्लेख गरिएको छ । ज्ञापन पत्रमा रामपुर स्वास्थ्य चौकीको भौतिक पूर्वाधार, भवन र अन्य सुविधाहरूको स्तरोन्नति, विशेषज्ञ चिकित्सक, नर्स, र अन्य आवश्यक स्वास्थ्यकर्मीहरूको व्यवस्था, साथै अत्यावश्यक औषधि, उपकरण र अन्य सामग्रीहरूको पर्याप्त आपूर्ति गरिनुपर्ने माग गरिएको छ । विनय यादवले समस्याको समाधानका लागि शीघ्र कदम चाल्न स्वास्थ्य मन्त्रीलाई अनुरोध गर्दै, यो कदमले स्थानीय जनताले पाउने स्वास्थ्य सेवामा सुधार हुने विश्वास व्यक्त गरेका छन् ।

# ११ जना न्यायाधीशको सरुवा

**मधेशदृष्टि**
**वीरगंज ।**
न्याय परिषदले उच्च र जिल्ला अदालतका गरी ९१ जना न्यायाधीशहरुको सरुवा गरेको छ । मंगलबार बसेको न्याय परिषद बैठकले उच्च अदालतका २६ जना र जिल्ला अदालतका ६५ जना न्यायाधीशहरुको सरुवा गरेको हो । न्यायपरिषदका सदस्य रामप्रसाद श्रेष्ठले एकै कार्यक्षेत्रमा दुई वर्ष बसेकाकाहरुको सरुवा गरिएको बताए । उनका अनुसार उच्च अदालत पाटका न्यायाधीश धीरबहादुर चन्दलाई उच्च अदालत जनकपुर राजविराज इजलासमा पठाइएको छ भने उच्च अदालत विराटनगर, ओखलढुंगा इजलासमा रहेका न्यायाधीश लेखनाथ पौडेललाई उच्च अदालत पाटनमा ल्याइएको छ । उनी उच्च अदालत पाटनमा काजमा थिए । यस्तै उच्च अदालत पाटनका न्यायाधीश जनक पाण्डेलाई उच्च अदालत सुर्खेतमा सरूवा गरिएको छ भने उच्च अदालत पाटनका न्यायाधीश श्यामजी प्रधानलाई भने उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासमा पठाइएको छ । यस्तै जिल्ला न्यायाधीशहरूको पनि व्यापक सरूवा गरिएको छ । मकवानपुर जिल्ला अदालतका न्यायाधीश (काजः सर्वोच्च अदालत) महेन्द्रबहादुर कार्कीलाई काठमाडौं जिल्ला अदालतमा सरूवा गरिएको छ भने डडेल्धुरा जिल्ला अदालतका न्यायाधीश (काजः चितवन जिल्ला अदालत) दयाराम ढकाललाई चितवन जिल्ला अदालतमा सरूवा गरिएको छ ।

# विभिन्न विषयमा सरकारलाई सांसदहरुको ध्यानाकर्षण

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका सांसद जीवन परियारले सार्वजनिक तथा विद्यालयका बस थोत्रा हुँदा दुर्घटनाको जोखिम बढेको भन्दै पूराना बस सञ्चालनमा रोक लगाउन माग गरेका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकको आकस्मिक समयमा उनले दुर्घटना न्यूनीकरणका योजना कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराए । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद सर्वेन्द्रनाथ शुक्लाले चितवनको सीमलतालमा पहिरोसँगै त्रिशूली नदीमा बेपत्ता भएका दुई बस र यात्रुको खोजी प्रभावकारी हुन नसकेको उल्लेख गरे । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अशोककुमार चौधरीले वैदेशिक रोजगारी जाने युवाहरु ठगी बढिरहेको तथ्य प्रस्तुत गर्दै ठगी नियन्त्रणमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराए ।

यसैगरी सांसद गङ्गाकुमारी बेलबासेले राजनीतिक स्थिरता र विकास निर्माणका लागि पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्ने धारणा व्यक्त गरिन् । राष्ट्रियसभाको बैठकको विशेष समयमा उनले पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जाने गरी काम गर्न आग्रह गरिन् । 'खर्चिलो चुनाव भयो भनिएको छ । जनताबाट निर्वाचित भएको कार्यकारी प्रमुखलाई निर्वाचन गर्न हामी पहिलेदेखि नै तयार छौँ । यो पक्षमा जाने आँट गर्नुहुन्छ भने हामी समर्थन जनाउँछौँ', उनले भनिन् । उनले पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन हुँदा स्थिर सरकार बन्न सक्ने धारणा राखिन् ।

# बागमतीका मुख्यमन्त्रीले पाए विश्वासको मत



**मधेशदृष्टि**
**वीरगंज ।**
बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामाले प्रदेश सभाको बहुमत अर्थात् ६४ सांसदको मत प्राप्त गरेका छन् । मंगलबार प्रदेशसभा बैठकमा मुख्यमन्त्री लामाले संविधानको धारा १६८ को उपधारा (४) तथा प्रदेश सभा नियमावली २०७४ को नियम १४३ को उपनियम (१) बमोजिम विश्वासको मत लिनका लागि प्रस्ताव पेस गरेका थिए । ११० सदस्यीय प्रदेश सभामा सरकार गठनका लागि ५६ सांसदको समर्थन आवश्यक हुन्छ ।

नेपाली कांग्रेसका ३७ र नेकपा एमालेका २७ सांसदले प्रस्तावको पक्षमा मत दिएका छन् ।

नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी राप्रपा, हाम्रो नेपाली पार्टीका गरी ३५ सांसदले प्रस्तावको विपक्षमा मत दिएका छन् । नेमकिपा तटस्थ बसेको छ । मंगलबारको प्रदेशसभा बैठकमा १०३ जना सांसद उपस्थित थिए ।

प्रदेश सभाको दोस्रो कार्यकालको १९ महिनामा विश्वासको मत चौथो पटक लिइएको हो । यसअघिका मुख्यमन्त्री माओवादी केन्द्रका शालिकराम जम्कट्टेलले सत्ता समीकरण फेरबदल भइरहेका कारण २५ पुस २०७९ यता मात्रै तीन पटक विश्वासको मत लिएर सरकार टिकाएका थिए ।

प्रदेश मन्त्रिपरिषदमा कांग्रेसका मुख्यमन्त्रीसहित ८ र एमालेबाट ६ जना मन्त्री छन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय बाहेक १२ वटा मन्त्रालय रहेको बागमतीमा १३ मन्त्री छन् । मुख्यमन्त्री लामाले नेपाली कांग्रेसका विना विभागीय मन्त्री मदुकुमार श्रेष्ठलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमै रहने गरी जिम्मेवारी दिएका छन् ।

# आगामी निर्वाचनमा एक्लै लड्ने माओवादी केन्द्रको निर्णय



**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा माओवादी केन्द्रले आगामी चुनाव एक्लै लड्ने निर्णय गरेको छ । शुक्रबारदेखि केन्द्रीय मूख्यालय पेरिसडाडाँमा बसेको पदाधिकारी बैठकले आगामी २०८४ को चुनाव एक्लै लड्ने निर्णय गरेको प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए । पाँच दिनसम्म चलेको बैठक समापन गर्दै अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एक्लै चुनाव लड्ने निष्कर्ष सुनाएका हुन् । सरकारबाट हट्नुपर्ने परिस्थितिले एक्लै चुनाव लड्ने तयारी गर्न अवसर समेत मिलेको प्रचण्डले बताएका छन् । 'आगामी निर्वाचनमा एक्लै चुनाव लड्नेगरी तयारी गर्नुपर्छ, जसले गर्दा हाम्रा विचारहरु, हाम्रा राजनीतिक कार्यदिशाहरु, हाम्रा दृष्टिकोणहरु जनतामा सोझै पुग्न सकियोस्', बैठकको निर्णय जानकारी दिदै प्रवक्ता सापकोटाले भने । यसअघि चुनावी गठबन्धन गर्दा पार्टीको विचार र सिद्धान्तहरु जनतामा लैजान अप्ठ्यारो परेको उनले बताए । तर एक्लै चुनाव लड्दा पार्टीको कुरा जनतामा राख्न सकिने अवसर मिल्ने निष्कर्ष समेत बैठकले निकालेको छ । बैठकले वामपन्थी सहकार्य र एकताको पहलकदमी पनि नछोड्ने पनि निर्णय गरेको छ ।







# प्रभावकारी बन्दै भूमिगत सिँचाइ प्रणाली

**जनकपुरधाम ।**
कृषि क्षेत्रको उत्पादकत्वमा वृद्धि तथा किसानको खेतमा सिँचाइ सुविधा पु-याउनका लागि महोत्तरी र धनुषामा भूमिगत सिँचाइ प्रणाली प्रभावकारी बनेको छ । नहर एवम् नदीनालाबाट सिँचाइको व्यवस्था नभएको तथा आकाशे पानीमाथि निर्भर रहेका किसानका लागि यो प्रविधि वरदान साबित भएको महोत्तरी गौशालाका स्थानीय किसान रामलाल महतोले बताए । उनले यसबाट खेतीका लागि मात्रै नभइ खानपिनका साथै दैनिक जीवनमा समेत प्रयोग भइरहेको उल्लेख गरे । मधेश प्रदेश सरकारको जलस्रोत तथा भूमिगत सिँचाइ विकास डिभिजन कार्यालय जलेश्वर, महोतरीद्वारा धनुषा तथा महोत्तरी जिल्लाको ग्रामीण क्षेत्रमा जडान गरिएको डिपट्युवेल तथा पावरड्रिलबाट सिँचाइ सुविधा पुर्याइएको हो ।

एउटा डिपट्युवेलबाट ४० बिघा खेत सिञ्चित हुने गरेको छ । महोत्तरी तथा धनुषामा हालसम्म ३५ वटा डिपट्युवेल जडान भएर एक हजार चार सय बिघा कृषियोग्य जमिन सिञ्चित भइरहेको छ । एउटा डिपट्युवेलको संरचना निमार्णदेखि सञ्चालन गर्दाको अवस्थासम्म रु एक करोडभन्दा बढी रकम लाग्ने गरेको छ । गत आर्थिक वर्षमा थप पाँचवटा डिपट्युवेलको निर्माण प्रक्रिया सुरु भएको छ । एउटा निर्माणमा ३० लाख रुपैयाँसम्म खर्च भएको तथा चालु आर्थिक वर्षमा थप खर्च गरेर निर्माण सम्पन्न गरिने सो कार्यालयले जनाएको छ । अहिले पाँचवटाको निर्माणमा एक करोड ५० लाख रुपैयाँ खर्च भइसकेको छ ।

त्यसैगरी, महोत्तरी तथा धनुषामा हालसम्म ५० वटा पावरड्रिल निर्माण भई सञ्चालनमा रहेको सो कार्यालयका सूचना अधिकारी तथा इन्जिनियर अमलेश यादवले जानकारी दिए । एउटा पावरड्रिलबाट नौ बिघा जमिन सिञ्चित हुने गरेको छ । एउटा पावरड्रिल निर्माणदेखि सञ्चालनसम्ममा १६ लाख रुपैयाँ लाग्ने गरेको छ । अहिलेसम्म ५० वटा पावरड्रिल निमार्णमा एक करोड २९ लाख ६० हजार रुपैयाँ खर्च भएको कार्यालयले जनाएको छ । दुवै जिल्लामा डिपट्युवेल तथा पावरड्रिलबाट १८ सय ५० बिघा जमिनमा सिँचाइ भइरहेको कार्यालयप्रमुख नयन पोखरेलले बताए । डिपट्युवेल निर्माणमा उपभोक्ता समितिमार्फत हुने गरेको छ । रासस

# पत्रकार धम्क्याउनेलाई कारवाही गर्न माग


नेपाल प्रेस युनियन
जिल्ला समिति सप्तरी
प.सं. १
च.नं. २०८१/८२
मिति : २०८१/०४/१५

प्रेस विज्ञप्ति

समाचार लेखेकै विषयलाई लिएर प्रेस युनियन सप्तरीका उपाध्यक्ष एवं नेपाल पत्रकार महासंघ सप्तरी शाखाका कोषाध्यक्ष नवीनकुमार गुप्तामाथी गालीगलौज गर्दै ज्यान मार्ने धम्की आएको घटनाप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । पत्रकार गुप्ताले ११ साउन २०८१ का दिन राजविराज दैनिक पत्रिकामा "महादेवामा काम नगरी करोडौंको भुक्तानी" शिर्षक राखेर भ्रष्टाचार सम्बन्धी समाचार लेखेका थिए । सोही समाचारलाई लिएर सप्तरीको महादेवा गाउँपालिकामा हुने गरेको विभिन्न निर्माण कार्यमा पेटीदारको रुपमा रहँदै आएका सोही गाउँपालिकाका बासिन्दा अभिशेक मण्डलले मिति २०८१ साउन १४ गते राती ९ बजेर १० मिनेट जाँदा आफ्नो मोबाइलबाट पत्रकार गुप्तालाई गालीगलौज, अभद्र व्यवहार प्रदर्शन तथा ज्यान मार्ने धम्की दिएको घटनाको घोर निन्दा गर्दछौं ।

समाचार लेखेको विषयलाई लिएर सम्बन्धीत पक्षलाई असहमति भए वा चित्त नबुझे सम्बन्धीत मिडियामा र उक्त मिडियाले नसुनेको अवस्थामा प्रेस काउन्सीलमा उजुरी गर्न सकिने कानूनी प्रावधान छ । तर, उक्त कानुनको समेत खिल्ली उडाउँदै मण्डलले पत्रकार गुप्तालाई सोझै ज्यान मार्ने धम्की दिँदै अभद्र व्यवहार प्रदर्शन गरेको हुँदा निज मण्डलमाथी कानुन बमोजिमको कारवाही गर्न स्थानीय प्रशासनसँग जोडदार माग गर्दछौं । प्रहरी प्रशासनबाट हाम्रो माँगको बेवास्ता गरिए बाध्य भई चरणबद्ध आन्दोलनमा जाने चेतावनी समेत दिन चाहन्छौं ।

परिष कर्ण
सह-सचिव

**मधेशदृष्टि**
**सप्तरी ।**
नेपाल प्रेस युनियन, सप्तरीले पत्रकार नवीन कुमार गुप्तालाई ज्यान मार्ने धम्की दिनेलाई कारवाही गर्न माग गरेको छ । युनियनले मंगलबार विज्ञप्ति जारी गर्दै पत्रकार गुप्तालाई धम्की दिनेलाई कारवाहीको माग गरेको हो ।

गत साउन ११ गते राजविराज दैनिकमा पत्रकार गुप्ताले 'महदेवामा कामै नगरि करोडौंको भुक्तानी' शिर्षकमा समाचार लेखेका थिए । 'ठेकेदार कम्पनीमा काम गर्ने आफूलाई अभिषेक मण्डल बताउनेलाई सोमबार राति फोन गरेर गालीगलौच गर्दै ज्यान मार्न धम्की दिएको' विज्ञप्तीमा उल्लेख गरिएको छ । धम्कीको निन्दा गर्दै युनियनका सह सचिव परिश कर्णले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'धम्की दिनेलाई कार्वाही नगरिए युनियन आन्दोलनमा उत्रनेछ ।' जिल्लाको महादेवा गाउँपालिकामा भएको विद्युतीकरणमा अनियमितता सम्बन्धी राजविराज दैनिक पत्रिकामा समाचार लेखेकै कारण महादेवा गाउँपालिकाका अभिषेक मण्डलले गुप्तालाई ज्यान मार्ने धम्की दिएका छन् । पत्रकार गुप्ता नेपाल पत्रकार महासंघका कोषाध्यक्ष र नेपाल प्रेस युनियनका उपाध्यक्ष हुन् । यस अघि नेपाल पत्रकार महासंघका अध्यक्ष श्रवणकुमार देव र सचिव रामनारायण विश्वासले जिल्ला प्रहरी प्रमुख एसपी गजुसिद्दी बज्राचार्यलाई निवेदन दिँदै धम्की दिनेलाई कानुन अनुसार कारवाही गर्न माग गरेका छन् । नेपाल पत्रकार महासंघ सप्तरी शाखाले पनि विज्ञप्ती जारी गरि दोषीलाई कारवाहीको माग गरेको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन